सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स.२०८१/०८२

च.नं: ७५.

मिति:२०८१।०४।२०

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु सबै ।

सरुमारानी गाउँपालिका, प्यूठन ।

विषय: निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।०४।१७ गतेको बैठकको निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८१।४।२०

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत

*सम्पर्क ठेगाना: सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बङ्गाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल*

*कार्यालयको फोन नं ९८५७८३६०२२ .Website www.sarumaranimun.gov.np*

*Email sarumarani2073@gmail.com*

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

सरुमारानी गाउँपालिका, कार्यपालिकाको पैतालिसौं बैठकका प्रस्तावहरु
मिति २०८१।०४।१७ गते

१. प्रगति समिक्षा सम्बन्धमा।
२. गाउँपालिका दररेट स्वीकृत सम्बन्धमा ।
३. ढुङ्गा, गिट्टि,बालुवाको उत्खनन् र निकासीको लागि IEE गर्ने सम्बन्धमा ।
४. बार्षिक समिक्षा र तेश्रो सार्वजनिक सुनुवाई सम्बन्धमा ।
५. कार्यसम्पादन संझौता सम्बन्धमा ।
६. विपद् राहत सम्बन्धमा ।
७. सडक मर्मत सम्बन्धमा ।
८. विभिन्न ऐन/नियम/कार्यविधिहरु निर्माण सम्बन्धमा ।
९. विपद प्रभावित लाभग्राहीहरुको किस्ता रकम सम्बन्धमा ।
१०. बिविध सम्बन्धमा ।
- घरभाडा वृद्धि तथा घर भाडा सम्झौता सम्बन्धमा ।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम ...
प्रमुख प्रशासकीय अधिकृत

कञ्चबहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## बैठक संख्या-४५
## गाउँकार्यपालिकाको पैतालिसौं बैठकका निर्णयहरु-२०८१।०४।१७ गते

**निर्णय नं. १ प्रगती समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।४।२२ गतेको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल साथै सरुमारानी गाउँपालिकाको गत आ.व. २०८०।०८१ को कुल बजेट रु. ४३,८०,२८,३०७/- मा कुल खर्च प्रतिशत ७९.९२ मध्ये पुजीगत खर्च. ७१.७४ र चालु खर्च रु.८२.८१ प्रतिशत भएको जानकारी भयो ।

**निर्णय नं. २ स्थानीय दररेट स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा-१३ अनुसार यस सरुमारानी गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को लागि निर्माण कार्य तथा अन्यसेवा प्रयोजनका लागि यस गाउँपालिका अन्तरगत गठित पुर्वाधार विकास समितिको मिति २०८०।४।१ को वैठकको सिफारिस अनुसारको स्थानीय दररेट स्विकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ ढुङ्गा गिट्टिवालुवाको उत्खनन र निकासीको लागि IEE गर्ने सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत रासी नदिमा पर्ने ददेरीघाट, रानीवगर, सुनघाट, झिलिवाङ्ग धाद्र तित्रिवाँझ घाटवाट ढुंगा गिट्टी र वालुवा निकासीको लागि घाट तोक्ने र ती क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ बार्षिक समिक्षा र तेश्रो सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८०।०८१ तेश्रो सार्वजनिक सुनुवाई तथा वार्षिक समिक्षा कार्यक्रमहरु निम्नानुसार गर्ने निर्णय गरियो ।

तपिशल

क) गाउँपालिका स्तरीय वार्षिक समिक्षा तथा तेश्रो सार्वजनिक सुनुवाई-२०८१ भाद्र मसान्त भित्र ।

ख) विषयगत समिक्षा कार्यक्रम– २०८१ भाद्र १५ गते भित्र ।

ग) वडा स्तरीय वार्षिक समिक्षा कार्यक्रम– २०८१ भाद्र पहिलो हप्ता भित्र ।

**निर्णय नं. ५ कार्यसम्पादन संझौता सम्बन्धमा ।**

प्रस्ताव न. ५ माथि छलफल गर्दा आ.व. २०८१।०८२ को लागि सरुमारानी गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वीच, प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा प्रमुखहरु वीच तथा वडा अध्यक्ष र वडा सचिवहरु वीच कार्यसम्पादन संझौता गर्ने निर्णय गरियो ।



देविराम ...
प्रमुख प्रशासकीय अधिकृत

कञ्चबहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय नं. ६ विपद् राहत सम्बन्धमा ।**

प्रस्ताव न. ६ माथि छलफल गर्दा यस वर्षको वर्षात संगै विभिन्न क्षेत्रमा वाढी पहिरोका कारण विभिन्न व्यक्तिहरुको घर, गोठ तथा खेतियोग्य जमिनहरुमा क्षति हुने क्रम वढेकोले उक्त अवस्थालाई मध्येनजर गरी मध्यनजर गरी माग, आवश्यकता तथा प्रहरी मुचुल्कालाई ध्यान दिई नगद आर्थिक सहयोग भन्दा तारजाली जस्ता सामाग्री सहयोग गर्ने निर्णय गरियो । साथै सामग्री सहयोगको लागि खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७ सडक मर्मत सम्बन्धमा ।**

प्रस्ताव न. ६ माथि छलफल गर्दा यस बर्षको वर्षात संगै सडकहरु अवरुद्द भई सडक आगमन खुलाउन मर्मत संभार शिर्षकबाट निम्नानुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

क) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ४ रु. ४०,०००/-

ख) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ५ रु. ४०,०००/-

**निर्णय नं. ८ विभिन्न ऐन/नियम/कार्यविधिहरु निर्माण सम्बन्धमा ।**

प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाले नयाँ निर्माण गर्ने तथा संशोधन गर्ने ऐन, नियम, कार्यविधि/निर्देशिकाहरु निर्माण गर्दा सम्बन्धित विषयगत शाखाहरुले अवश्यकता पहिचान गरी विभिन्न ब्यक्ति/संस्थाहरु संगको समन्वयमा मस्यौदा तयार गरी उक्त मस्यौदालाई गाउँकार्यपालिकाबाट गठित सम्वन्धित विषयगत समितिको वैठकमा सरोकारवालाहरुको सहभागितामा समेत छलफल तथा निर्णय पश्चात गाउँकार्यपालिकामा पेश गर्न सम्बन्धित समिती र शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै निम्नानुसारका कार्यविधिहरु निर्माण तथा संशोधन गर्नु भएकोले उक्त कार्यविधि/निर्देशिका संशोधन प्रकृयाको लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

तपिशल

क) महिलासामुदायिक स्वास्थ्य स्वंयसेविका कार्यविधि, २०८१-नयाँ निर्माण

ख) गाउँपालिकाको भवन आचार संहिता-नयाँ निर्माण

ग) मर्मत संभार कोष संचालन कार्यविधि, २०७५- संशोधन

घ) ब्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०७५-संशोधन

**निर्णय नं. ९ विपद प्रभावित लाभग्राहीको किस्ता रकम सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा विपद प्रभावित लाभग्राहीको किस्ता रकम सम्बन्धमा निम्नानुसारका निर्णय गरियो ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

क) सरुमारानी गाउँपालिकाको वडा नं. ६ का विपद् प्रभावित खड्क वहादुर पुन मगर र मोहन बहादुर पुन मगरको घर निर्माण कार्य सम्पन्न भएकोले प्राविधिक जाचपास प्रतिवेदन अनुसार तेश्रो किस्ता वापत प्रति लाभग्राहीलाई रु. १,५०,०००/- का दरले रकम निकासाको लागि सिफारिस गर्ने निर्णय गरियो ।साथै गाउँपालिकाले व्यहोर्नु पर्ने साझेदारी रकम उपलव्ध गराउने निर्णय गरियो ।

ख) सरुमारानी गाउँपालिकाको वडा नं. ६ का विपद् प्रभावित हस्त वहादुर वुढामगरको घर निर्माण कार्य सकिन लागेकोले प्राविधिक जाचपास प्रतिवेदन अनुसार दोश्रो किस्ता वापत प्रति लाभग्राहीलाई रु. २,००,०००/- का दरले रकम निकासाको लागि सिफारिस गर्ने निर्णय गरियो । साथै गाउँपालिकाले व्यहोर्नु पर्ने साझेदारी रकम उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० बिविध सम्बन्धमा ।**

- **घरभाडा वृद्धि सम्बन्धमा ।**

यस गाउँपालिकाले कार्यालय संचालन तथा जिन्सी सामान भण्डारणको लागि घरभाडा लिएका घरहरुको नियमानुसार घरभाडा वृद्धि गरी घरभाडा संझौता गर्ने निर्णय गरियो । साथै वडा नं २ मा संचालन गर्न लागिएको ग्रामीण आखाँ स्वास्थ्य केन्द्र संचालनको लागि श्रावण १ गते देखि लागु हुने गरि घरभाडा संझौता गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको वैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८१/०४/१८

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडडाडा प्युठान
लुम्बिनी प्रदेश,नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशास[illegible] [illegible]त

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष